मोदी गाउँपालिका

# प्रथम गाउँ सभा

२९ र ३० असार, २०७४

आयोजक

**मोदी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पातिचौर, पर्वत**

# आर्थिक वर्ष ०७४।७५ को बजेट तथा कार्यक्रम

नमस्कार

मोदी गाउँपालिकाको प्रथम गाउँ सभाका अध्यक्ष एवं यस मोदी गाउँपालिकाका अध्यक्ष श्री प्रेम शर्मा पौडेल ज्यू,

गाउँ सभाका सदस्य ज्यूहरु

उपस्थित महानुभावहरु

नेपाली जनताको वलिदानीपूर्ण संघर्षबाट प्राप्त संविधान सभा र संविधान सभाद्वारा निर्माण गरिएको नेपालको संविधानको सफल र सुखद कार्यान्वयनको सन्दर्भमा झण्डै २० वर्षको रिक्तता पछि स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । सबैभन्दा पहिला उक्त निर्वाचनमा सहभागी हुँदै जनताको अभिमतद्वारा निर्वाचित सम्पूर्ण गाउँसभाको सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै यहाँहरुको कार्यकाल सफल र जनपक्षिय बन्न सकोस धेरै धेरै शुभकामना व्यक्त गर्न चाहन्छु ।

जनप्रतिनिधि विहिन अवस्थामा कछुवाको शैलीमा रहेको विकास निर्माणको गति, ढिलासुस्ती र परम्परावादी कार्यशैलीले सही ढंगाले जनभावनाको प्रतिनिधित्व गर्न नसकेको कुरा प्रति सचेत रहदै हालै मात्र सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु र यस सभाप्रति गहिरो विश्वास एवं जनअपेक्षा रहेको छ ।

आदरणीय अध्यक्ष ज्यू एवं सदस्य ज्यूहरु, अब म मोदी गाउँपालिकाले आ.व. ०७४।७५ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) पूर्वाधार विकास विकासको महत्वपूर्ण मेरुदण्डको रुपमा रहेकाले आर्थिक वर्ष ०७४।७५ मा यस क्षेत्रलाई विशेष जोड दिइएको छ , पूर्वाधारमा पनि सडकलाई मुख्य प्राथमिकतामा राखी प्रत्येक वडा कार्यालय सम्म पुग्ने मूल सडकको स्तरोन्नतिको लागि यथेष्ट बजेट विनियोजन गरिएको छ ।

२) स्थानीय तहको स्थापना संगै संरचना अभावले सेवा प्रवाहमा कठिन भइरहेको अवस्थामा स्थानीय तहका केन्द्र र वडा कार्यालय भवन निर्माणको लागि बजेट विनियोजन गरेको छु । जस अनुसार गाउँपालिकाको भवनका लागि १ करोड, वडा नं. ३ देउरालीको वडा कार्यालय भवनका लागि ५५ लाख, क्याङको लागि ५५ लाख र तिलाहारको लागि ५० लाख विनियोजन गरिएको छ ।

३) मोदी गाउँपालिका कृषिको उर्वर क्षेत्रको रुपमा रहेको सर्वविदितै छ । परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिमा आधुनिकिकरण, व्यवसायीकरण गरी

महिलालाई उद्यमीको रुपमा विकास गर्दै आत्मनिर्भर बनाउनका निमित्त महिला उद्यम कार्यक्रम अन्तर्गत २० लाख रकम विनियोजन गरिएको छ ।

४) प्राकृतिक स्रोत र सम्पनताको हिसाबले यस क्षेत्र जिल्लाकै अग्रस्थानमा रहेको छ । यस क्षेत्रका वन, जडिबुटी, पशुपंक्षी, प्राकृतिक स्रोत, खानी आदिको समुचित उपयोग गर्दै संरक्षण र सम्बर्द्धनका लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु ।

५) विगत केही वर्षमा यस क्षेत्रमा प्राकृतिक प्रकोपले जन, धनको क्षति पुऱ्याएको हुँदा अब पर्यान्त यस्ता क्षति रोक्न आवश्यक कार्यका लागि २४ लाख रकम विनियोजन गरिएको छ ।

आदरणीय सदस्य ज्यूहरु

६) चित्रे होम स्टे पर्वत जिल्लाकै नमूना होम स्टे रहेको कुरा यस सभामा अवगत गराउँन चाहन्छु । यस क्षेत्रमा यहाँको संस्कृति, कला, जीवनशैली, परम्परा, रहनसहन आदिको प्रचारप्रसार गर्दै पर्यटनको क्षेत्र मार्फत आय आर्जन गराउन अन्य ४ ठाउँमा होम स्टे स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

७) समृद्ध राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भुमिका रहन्छ । शिक्षालाई युग सुहाउँदो बनाउन यस क्षेत्रका माध्यमिक विद्यालयहरुलाई प्रविधियुक्त बनाउन यथेष्ट बजेट विनियोजन गरिएको छ ।

८) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन केन्द्र तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र, इलेक्ट्रानिक हाजिरी, सूचना प्रविधि, कर्मचारीहरुको क्षमता अभिवृद्धि, कर्मचारीसंग कार्यसम्पादन सम्झौता गरी राम्रो नतिजा ल्याउने कर्मचारीलाई प्रोत्साहन भत्ताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

९) जिल्लामा क्रियाशिल सबै पत्रकारहरुसँग नियमित अन्तरक्रिया गरी गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधाहरु एवं गाउँमा संचालित विकास निर्माणको अवस्थाबारे गाउँबासीलाई सु-सुचित गर्ने पद्धतिलाई अवलम्वन गरी स्थानीय संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । गाउँपालिकाले गरेका राम्रा कामहरुलाई संचार माध्यममा प्रभावकारी ढंगले प्रकाशन/प्रसारण गर्ने संस्था एवं पत्रकारलाई प्रोत्साहन गरिने छ ।

आदरणीय अध्यक्षज्यू एवं सदस्यज्यूहरु

अब म आ.व. ०७४।७५ को आय व्ययको अनुमानित विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

आय तर्फ :

नेपाल सरकार गाउँपालिका **वित्तिय समानीकरण अनुदान** तर्फ रु.१४, ९४, २२, ०००।- (**१४ करोड, ९४ लाख, २२ हजार**), **सशर्त अनुदान** रु.१४,६२,८६,०००।- (**१४ करोड, ६२ लाख, ८६ हजार**) **गाँउपालिकाको संचित कोषमा बाँकी रकम** रु. ४८,००,०००।-( **४८ लाख**), **आन्तरिक आय तर्फ कर, सेवा शुल्क र दस्तुर, राजश्व बाँडफाँड र रोयल्टी** समेत जम्मा रु. ८५,००,०००।- (**८५ लाख**), **सामाजिक सुरक्षा भत्ता** तर्फ ६,५३,०४,०००।-, (**६ करोड ५३ लाख ४ हजार**) गरी जम्मा कूल आय रु.३७,४३,१२,०००।- (**३७ करोड ४३ लाख १२ हजार मात्र**) अनुमान गरिएको छ ।

व्यय तर्फ

चालु खर्च  तर्फ :

नेपाल सरकार गाउँपालिका **वित्तिय समानीकरण अनुदान** तर्फ रु.३,६४,००,०००।- (**३ करोड ६४ लाख**), **मोदी गाउँपालिकाको सञ्चित कोषबाट** रु. ४८,००,०००।- (**४८ लाख**), **आन्तरिक आयबाट** रु.३६,५०,०००।-, (**३६ लाख ५० हजार**), **सामाजिक सुरक्षा भत्ता** तर्फ ६,५३,०४,०००।-, (**६ करोड ५३ लाख ४ हजार**) **र सशर्त अनुदान** रु.१४,६२,८६,०००।- (**१४ करोड, ६२ लाख, ८६ हजार**) गरि जम्मा चालु खर्च तर्फ **कूल व्यय** रु. २५,६४,४०,०००।- (**२५ करोड ६४ लाख ४० हजार**) अनुमान गरिएको छ ।

पुँजिगत खर्च तर्फ :

**नेपाल सरकार गाउँपालिका वित्तिय समनिकरण अनुदान** तर्फ रु. ११,३०,२२,०००।- ( **११ करोड ३० लाख २२ हजार**) **आन्तरिक आयबाट** रु. ४८, ५०,०००।- (**४८ लाख ५० हजार**) गरि कुल पुँजिगत खर्च तर्फ जम्मा रु.११,७८,७२,०००। (**११ करोड ७८ लाख ७२ हजार**) अनुमान गरिएको छ ।

धन्यवाद, नमस्कार

सेती महत
उपाध्यक्ष
मोदी गाउँपालिका
पातिचौर